# न्यूजप्रवाह साप्ताहिक

Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक २५ ❖ २०८२ माघ ७ गते बुधबार ❖ Wednesday, 21 Jan, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


# चितवनमा दलहरुले गरे मनोनयन दर्ता

## देशभर दुई हजार ६५५ जनाको उमेदवारी

भरतपुर । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चितवनमा राजनीतिक दलहरुले उमेदवारी मनोनयनपत्र दर्ता गरेका छन् ।

चितवन क्षेत्र नं १ मा १९ जनाको उमेदवारी परेको छ । नेपाली कांग्रेसबाट राजेन्द्रप्रसाद बुर्लाकोटी, नेकपा एमालेबाट दावादोर्जे लामा, राष्ट्रिय स्वतन्त्र पार्टीबाट हरि ढकाल, नेपाली कम्युनिस्ट पार्टीबाट डा. कृष्ण पन्त र राप्रपाबाट बलराम खनालले उमेदवार मनोनयन दर्ता गराएका छन् ।

यस्तै, नेकपा (माओवादी) बाट गणेशबहादुर श्रेष्ठ, राष्ट्रिय जनमोर्चाबाट सीतादेवी क्षेत्री, नेमकिपाबाट अर्जुन प्रजा, श्रम संस्कृति पार्टीबाट अनिल तामाङ, मंगल नेसनल अर्गनाइजेसनबाट प्रेमलाल चौधरी, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट विकास कामी, नेकपा संयुक्तबाट दुर्गादत्त अर्याल, उज्यालो नेपाल पार्टीबाट धनबहादुर गुरूङ, नेसनल रिपब्लिक नेपालबाट ईश्वरी गुरूङ, जसपा नेपालबाट अजय ठाकुर हजाम र स्वतन्त्रबाट शौरभ कँडेल, हरिप्रसाद रेग्मी, रामेश्वरप्रसाद घिमिरे र सञ्जय रिजालले मनोनयन दर्ता गरेका छन् ।

यस्तै, चितवन क्षेत्र नं २ मा २० जनाले उमेदवारी दर्ता गराएका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीबाट निकिता पौडेलको वारेसमार्फत रवि लामिछाने, नेपाली कांग्रेसबाट मीनाकुमारी खरेल, नेकपा एमालेबाट अस्मिन घिमिरे, नेपाली कम्युनिष्ट पार्टीबाट प्रताप गुरुङ र राप्रपाबाट जगदीश्वर अधिकारीसहित २० जनाले उमेदवारी दर्ता गराएका छन् ।




यस्तै, नेकपा (माओवादी) बाट दिर्शनाकुमारी शाही, राष्ट्रिय जनमोर्चाबाट देवी शर्मा, जसपा नेपालबाट कमानसिंह चौधरी, मंगल नेसनल अर्गनाइजेसनबाट ऋषा गोले, आजपाबाट देवीकुमारी मगर, श्रम संस्कृति पार्टीबाट मिलन थापामगर, प्रगतिशील लोकतान्त्रिक पार्टीबाट प्रकाशबहादुर पाण्डे, जनमत पार्टीबाट निर्मलाकुमारी ठाकुर, उज्यालो नेपाल पार्टीबाट नि.कुमार पाख्रिनले उमेदवारी दर्ता गरेका छन् । स्वतन्त्रबाट प्रतापसिंह तामाङ, प्रवीन सापकोटा, रवि कुमाल, इन्द्रबहादुर स्याङतान, कृष्णप्रसाद चापागाईं र शंकुप्रसाद जैसीले मनोनयन दर्ता गरेका छन् ।

यस्तै, चितवनको चर्चित क्षेत्र नं ३ मा नेपाली कम्युनिष्ट पार्टीबाट रेनु दाहाल, नेपाली कांग्रेसबाट टेकप्रसाद गुरूङ, नेकपा एमालेबाट शंकरराज थपलिया, राप्रपाबाट दीपक थापामगर र राष्ट्रिय स्वतन्त्र पार्टीबाट सोबिता गौतमसहित २३ जनाले उमेदवार मनोनयन दर्ता गराएका छन् ।

आसन्न प्रतिनिधिसभा निर्वाचनमा जिल्लाका तीन वटा निर्वाचन क्षेत्रमा चार लाख ४२ हजार ८२ जना मतदाता रहेका छन् । जसमा दुई लाख १७ हजार ३१४ जना पुरुष र दुई लाख २४ हजार ७६६ जना महिला एवम् दुई जना तेस्रो लिङ्गी रहेका छन् ।

जिल्लाका १६२ वटास्थल र ४९४ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्ने छन् । निर्वाचन कार्यालय चितवनका प्रमुख भीमशेन कार्कीले प्रतिनिधिसभा निर्वाचन २०७९ को निर्वाचनको तुलनामा यस वर्ष हुने प्रतिनिधिसभा निर्वाचनमा ३३ हजार ७४० जना नयाँ मतदाता थपिएका छन् भने ३४ वटा मतदान केन्द्र थप भएको बताए ।

क्षेत्र नम्बर १ मा एक लाख ४९ हजार ६२१ जना मतदाता रहेका छन् । जसमा ७६ हजार ७६१ जना पुरुष र ७५ हजार ८६० जना महिला रहेका छन् । यस क्षेत्रमा ५६ वटा मतदानस्थल र १६८ वटा मतदान केन्द्र रहेका छन् ।

यस्तै, क्षेत्र नम्बर २ मा एक लाख ३७ हजार १५२ जना मतदाता रहेका छन् । तीमध्ये ६७ हजार ८५७ पुरुष र ६९ हजार २९४ महिला एवं एक

*(बाँकी ६ पेजमा)*

# छेच्यु गुम्बामा तामाङ समुदायले विविध साँस्कृतिक कार्यक्रम गर्ने

## राष्ट्रिय कलाकार फूलकुमार र सेलो गायक मदनको प्रस्तुति रहने



**-बबिलाल तामाङ**

भरतपुर । भरतपुरका तामाङ समुदायले २८६३औं सोनाम ल्होछारको अवसरमा शुभकामना आदानप्रदान तथा विविध साँस्कृतिक कार्यक्रम गर्ने भएको छ ।

भरतपुर-११ स्थित छेच्यु थर्पलिङ गुम्बामा यही माघ १० गते उक्त साँस्कृतिक कार्यक्रम गर्न लागेको भरतपुर नगर तामाङ समाजका अध्यक्ष सूर्यप्रकाश लामाले सोमबार पत्रकार सम्मेलन मार्फत् जानकारी दिए ।

हरेक वर्ष ल्होछारकै दिनमा गर्ने कार्यक्रमलाई यो पटक ल्होछारको पहिलो शनिबार गर्ने निर्णय भए अनुसार नयाँ थालनीको सुरुवात गरिएको समाजका अध्यक्ष लामाले बताए ।

छेच्यु गुम्बामा चन्द्र पात्रो अनुसार माघ ५ गते ल्होछारको दिन भेंडा वर्गलाई विदाई तथा घोडा वर्गलाई स्वागत गरिएको थियो । तामाङ समुदायले ल्होछारमा आफूभन्दा ठूलावडाबाट आशीर्वाद लिने, दाजुबहिनी तथा आफन्तजनहरुलाई बोलाएर मीठोमीठो खुवाउने,

*(बाँकी ६ पेजमा)*

# स्वास्थ्य बिमा कार्यान्वयन गर्दै भरतपुर अस्पताल

भरतपुर । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले माघ १ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम बन्द गर्ने निर्णय गऱ्यो । यसको प्रमुख कारण




स्वास्थ्य बिमाबाट दाबी गरिएकोमध्ये आधा अस्वीकृत (रिजेक्सन) भएको र समयमा भुक्तानी नपाएको हो ।

त्रिवि शिक्षण अस्पतालकोभन्दा बढी सेवा दिने यहाँको सरकारी भरतपुर अस्पतालको भुक्तानी पाउनुपर्ने रकम त्रिविको भन्दा बढी छ। तर, अस्वीकृत दुई प्रतिशत मात्रै छ। अस्पतालले स्वास्थ्य बिमाको दाबी भुक्तानी र व्यवस्थापनमा छुट्टै खालको व्यवस्थित संरचना बनाएर काम गरेको छ। यसका कारण स्वास्थ्य बिमा कार्यक्रम लागू भएका देशभरका अस्पतालका बिमा हेर्ने कर्मचारी र प्रशासक यहाँ अध्ययनका लागिसमेत आउने गर्दछन् । कतिपय अस्पतालले कर्मचारी पठाएर काम सिकाउने गर्दछन् ।

स्वास्थ्य बिमा बोर्डका सूचना अधिकारी विकेस मल्लका अनुसार बोर्डमा रहेका अस्पतालहरुको सरदर अस्वीकृत दर २० प्रतिशत रहेको छ । त्रिविले ५० प्रतिशत रहेको भनेको जनाउँदै उहाँले सबै अस्पतालको छुट्याएर आफूले नहेरेको बताए । उनले भने "बिमा बोर्डको कार्यविधि र निर्देशिकाअनुरुप काम नगरेकाले अस्वीकृत भएको हो ।" दाबी गर्न नमिल्ने भनि उल्लेख गरेका क्षेत्रमासमेत उपचार गरी दाबी गरिएको उनको भनाइ छ ।

जुन अस्पतालले बोर्डको कार्यविधि र निर्देशिका अनुसार काम

*(बाँकी ३ पेजमा)*


**मतदान गर्ने अधिकारको प्रयोग गरौं ।**

- ❖ लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
- ❖ मतदानको समयमा विवेकको प्रयोग गरौं ।
- ❖ मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
- ❖ जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
- ❖ निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
- ❖ असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
- ❖ सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सहभागी बनौं ! "समग्र चितवनको गौरव र गरिमामय प्रस्तुती" सफल पारौं !

रत्ननगर महोत्सव २०८२

२०८२ पौष २५ देखि माघ ६ गतेसम्म (9th-20th January, 2026) | टिकौली चौर, रत्ननगर, चितवन

आयोजक: रत्ननगर उद्योग वाणिज्य संघ   संरक्षक: रत्ननगर नगरपालिका कार्यालय

मुख्य प्रायोजक: Hotel SEVEN LTD. CHITWAN, NEPAL | प्रायोजक: BARAHSINGHE | सह-प्रायोजक: AGROMIX | आधिकारिक नुडल्स: SIDDHI VINAYAK | छैठौं रत्ननगर सांस्कृतिक खाना महोत्सव २०८२ चिकेन एण्ड एग फेस्टिवल प्रायोजक: नेपाल कुखुरा व्यवसायी मञ्च | मुख्यद्वार सौजन्य: GRACE INTERNATIONAL | रेष्टुरेन्ट परिसर सौजन्य: Coca-Cola | सहयोगी संस्था: FIRST WALK SHOES | सहयोगी संस्था: maulakali CABLE CAR | टिकट संस्था: रिद्धि सिद्धि सिमेन्ट | स्टेज सौजन्य: expert EDUCATION | VISA | आधिकारीक बैंक: नेपाल बैंक लिमिटेड NEPAL BANK LIMITED | आधिकारीक बिमा: सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लि. Siddhartha Premier Insurance Ltd. | इन्टरनेट पार्टनर: TechMinds Network Pvt. Ltd. | कृषि परिसर सौजन्य: रत्ननगर नगरपालिका कार्यालय | दोश्रो चितवन मह उत्सव २०८२ आयोजक: राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम कार्यक्रम कार्यान्वयन ईकाई, चितवन, जोन संचालक समन्वय समिति, मौरी जोन चितवन | प्रवर्द्धक: नेपाल उद्योग वाणिज्य महासंघ, कालिका नगरपालिका कार्यालय, खैरहनी नगरपालिका कार्यालय, उद्योग तथा वाणिज्य कार्यालय चितवन, मौरी विकास केन्द्र भण्डारा, चितवन, बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालय, बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालय हेटौडा, मकवानपुर

" बिर्सनु हुन्न बाजेबज्यैको स्वाद, जोगाऔं रैथाने संस्कृति र परम्परागत याद "

मुख्य आकर्षणहरु:

- बृहत कृषि प्रर्दशनी र बजारीकरण
- दोश्रो चितवन मह उत्सव २०८२
- रोगजार मेला २०८२
- व्यवसायिक कृषि सम्बन्धी प्राविधिक परामर्श सेवा र गोष्ठीहरू
- विविध खाद्य परिकारहरू: रैथाने बालीबाट उत्पादित खानाहरू
- विभिन्न व्यवसायिक अवसरहरू
- पर्यटन प्रवर्द्धनका विविध कार्यक्रमहरू
- फनपार्क
- दैनिक राष्ट्रिय कलाकारहरूबाट साँस्कृतिक प्रस्तुती
- विभिन्न जानजातीका परिकार सहित चिकेन एण्ड एग फूड फेस्टिवल

(मिति: २०८२ पौष २९ देखि माघ ३ गतेसम्म, रत्ननगर-१, सौराहाचोक)

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८५५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग

## सम्पादकीय

### सोनाम ल्होछारको सन्देश

नेपालको बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक समाजमा सोनाम ल्होछारको विशेष महत्त्व रहँदै आएको छ। तामाङ समुदायले नयाँ वर्षका रूपमा मनाउने यो पर्व केवल पात्रो परिवर्तनको उत्सव मात्र नभई संस्कृति, पहिचान र सामाजिक एकताको प्रतीक हो। प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाका दिन मनाइने सोनाम ल्होछारले पुरानो वर्षलाई बिदाइ गर्दै नयाँ आशा, ऊर्जा र सकारात्मक सोचसहित भविष्यतर्फ अघि बढ्ने सन्देश दिएको छ। सोनाम ल्होछारको उत्पत्ति तामाङ समुदायको प्राचीन परम्परा र बौद्ध दर्शनसँग गहिरो रूपमा गाँसिएको छ। तिब्बती लुनार पात्रोमा आधारित यो पर्व १२ जनावरका चक्रअनुसार मनाइने गरिन्छ। ती वर्षका नामहरू मुसा, गोरु, बाघ, खरायो, चिल, सर्प, घोडा, बाख्रा/भेडा, बाँदर, भाले, कुकुर र सुँगुर जस्ता पशुपक्षी र जीवजन्तुका नामबाट राखिएको पाइन्छ। प्रत्येक वर्ष एउटा जनावरको नामले चिनिन्छ, जसले त्यो वर्षको स्वभाव, सम्भावना र चुनौतीको सङ्केत गर्छ भन्ने विश्वास छ। यसले मानिसलाई प्रकृति, समय र कर्मबीचको सम्बन्ध बुझ्न प्रेरित गर्छ।

यो पर्वको अवसरमा तामाङ समुदायले ल्हो (जनावर वर्ष) परिवर्तनसँगै विशेष पूजा-अर्चना, लामा गुरुहरूको आशीर्वाद, धार्मिक अनुष्ठान तथा सांस्कृतिक कार्यक्रम आयोजना गर्छन्। परम्परागत भेषभूषा, स्याब्रु नृत्य, ढोल-दम्फुको ताल र सामूहिक भोजले गाउँ-सहरलाई उत्सवमय बनाउँछ। यस्ता गतिविधिले पुस्तान्तरण हुँदै आएका मौलिक संस्कृतिलाई जोगाउने मात्र होइन, नयाँ पुस्तामा पहिचानप्रति गर्वको भावना पनि जगाउँछ। सोनाम ल्होछारले समुदायभित्रको एकता सुदृढ पार्ने महत्त्वपूर्ण भूमिका खेल्छ। परिवार, आफन्त र छरछिमेकबीच आपसी मेलमिलाप, क्षमा र सद्भावको वातावरण सिर्जना हुन्छ। विगतका कमजोरी र दुःखलाई बिर्सँदै नयाँ संकल्पका साथ अघि बढ्ने परम्परा सामाजिक सम्बन्धलाई अझ मजबुत बनाउने माध्यम बनेको छ। सामुदायिकरूपमा समुदायका सबै जना एकैठाउँमा भेला भएर चाडबाड मनाउने अनि सरल अनि सभ्यरूपमा मिलनसार प्रवृत्तिको संस्कार अनि सन्देश दिने तामाङ समुदायहरू वास्तवमै एउटा अनुकरणीय समुदाय हो। आजको व्यस्त र व्यक्तिवादी हुँदै गएको समाजमा यस्ता सामूहिक पर्वको महत्त्व झनै बढेर गएको छ।

राष्ट्रियस्तरमा हेर्दा, सोनाम ल्होछारजस्ता पर्वहरूले नेपालको सांस्कृतिक विविधतालाई उजागर गर्छन्। राज्यले यस्ता पर्वलाई सम्मान र संरक्षण गर्नु समावेशी लोकतन्त्रको आधार हो। पछिल्ला वर्षहरूमा सोनाम ल्होछारलाई सार्वजनिक बिदाका रूपमा मान्यता दिनु सकारात्मक कदम हो। तर, यसको प्रभावकारी संरक्षणका लागि अझै प्रयास आवश्यक छ। मौलिक संस्कृतिको व्यावसायीकरण नभई मौलिकतासहित प्रवर्द्धन गर्नु आजको चुनौती हो। सोनाम ल्होछारले केवल तामाङ समुदायलाई मात्र होइन, सम्पूर्ण नेपाली समाजलाई सहअस्तित्व, सहिष्णुता र विविधताभित्रको एकताको पाठ पढाउँछ। नयाँ वर्षसँगै सकारात्मक सोच, सामाजिक सद्भाव र जिम्मेवार नागरिकत्वको भावना विकास गर्न यो पर्वले सबैलाई प्रेरणा दिन्छ। त्यसैले सोनाम ल्होछारलाई सांस्कृतिक उत्सवको रूपमा मात्र होइन, सामाजिक एकता र राष्ट्रिय पहिचान सुदृढ गर्ने अवसरका रूपमा ग्रहण गर्नु आजको आवश्यकता हो। सोनाम ल्होछारको देश विदेशमा रहने सबैलाई शुभकामना!

# बुद्ध धर्ममा अनात्म (अनत्ता) को अवधारणा



**- डा मेकना तामाङ**

**धर्म/समाज**

बुद्ध धर्ममा "अनात्म" वा "अनत्ता" भन्नाले "आत्मा वा स्थायी स्वतत्त्व को अभाव" भन्ने बुझिन्छ। यो बुद्ध धर्मको तीन मूल सिद्धान्तहरूमध्ये एक हो:

१. सबै कुरा अनित्य छन् (अनिच्चा)
२. सबै कुरा दुखदायी छन् (दुक्ख)
३. सबै कुरामा कोही स्थायी आत्मा छैन (अनत्ता)

सरल उदाहरणहरू:

१. नदीको उदाहरण:
एउटा नदीलाई हेर्नुस्। हामी भन्छौं "यो यही नदी हो", तर वास्तवमा नदीको पानी सधैं बदल्दै छ, किनारा पनि बदल्दै छ। यसरी कुनै "स्थायी नदी" छैन, बदलिँदै गरेको प्रवाह मात्र छ। जस्तो नदी, मानिसको शरीर र मन पनि निरन्तर बदलिँदै गर्छन्।

२. दियोको उदाहरण:
एउटा दियो बाल्न दिनुस्। हामी भन्छौं "यो दियो हो", तर दियोको बत्ती हरेक क्षण बदलिँदै छ, तेल घट्दै छ, बत्तीको आकार बदल्छ। त्यहाँ कुनै "स्थायी दियो" छैन, बदलिँदै गरेको प्रक्रिया मात्र छ।

३. रथको उदाहरण (बुद्धको प्रसिद्ध दृष्टान्त):
रथलाई हेर्नुस्। यदि हामी रथको पाङ्ग्रा, घाँटी, धुरी, चक्र सबै बदलिदिए, के यो अझै समान रथ हो? यसले देखाउँछ कि "रथ" भन्ने कुनै स्थायी सत्ता छैन, भागहरूको समूह मात्र हो जुन बदलिन सक्छ।

मानिसको संदर्भमा:
बुद्ध धर्मले बताउँछ कि मानिस पाँच आयतन (पञ्चस्कन्ध) को संगठन मात्र हो:

१. रूप (शरीर)
२. वेदना (अनुभूति)
३. संज्ञा (बुझाइ)
४. संस्कार (मानसिक प्रवृत्तिहरू)
५. विज्ञान (चेतना)

यी पाँचै कुरा निरन्तर बदलिँदै गर्छन्। हामी "म" भन्छौं, तर त्यो केवल यी बदलिँदा घटकहरूको प्रवाह हो। जस्तो: बच्चा हुँदा र बुढो हुँदा तपाईंको शरीर, विचार, व्यक्तित्व सबै फरक छन्, तर पनि हामी भन्छौं "म हुँ"।

अनात्मको महत्त्व:
बुद्ध धर्मले अनात्म बुझ्नु महत्त्वपूर्ण मान्छ किनभने:
- यो बुझेपछि हामी "मेरो", "म" भन्ने अहंकारबाट मुक्त हुन्छौं
- आसक्ति र घृणा कम हुन्छ
- दुखको कारण नै "आत्मा" को भ्रम हो भनेर बुझिन्छ

अनात्मको अभ्यासले हामीलाई वर्तमानमा बस्न, परिवर्तनलाई स्वीकार्न, र जीवनलाई यथार्थ रूपमा हेर्न सघाउँछ।

यो "आत्मा छैन" भन्ने नकारात्मक विचार होइन, बरु "सबै कुरा अन्तरसम्बन्धित र परिवर्तनशील छन्" भन्ने यथार्थवादी दृष्टिकोण हो।

पञ्चस्कन्धको सूक्ष्म व्याख्या
बुद्ध धर्मले मानव अस्तित्वलाई पाँच स्कन्ध (समूह) मा विश्लेषण गर्दछ। यी पाँचै स्कन्ध मिलेर "व्यक्ति" को भ्रम सिर्जना गर्दछन्:

१. रूप (शारीरिक रूप)
- शरीर र भौतिक अस्तित्व
- पाँच इन्द्रियहरू (आँखा, कान, नाक, जिभ्रो, काया)
- बाह्य विश्वका वस्तुहरू
- उदाहरण: तपाईंको हात, त्वचा, केश, हड्डी - यी सबै रूप स्कन्धमा पर्दछन्। यो स्कन्ध सधैं परिवर्तन हुँदै रहन्छ (बालकाल, युवावस्था, बृद्धावस्था)।

२. वेदना (अनुभूति)
- सुखद, दुखद र तटस्थ अनुभूतिहरू
- इन्द्रियहरूबाट प्राप्त हुने सबै प्रकारका अनुभव
- उदाहरण: चिया पिँधा स्वाद मिठो लाग्नु (सुखद), घाउ चल्दा पीडा हुनु (दुखद), कपडाको स्पर्श (तटस्थ) - यी सबै वेदना स्कन्ध हुन्।

३. संज्ञा (परिचय वा लेबल लगाउने)
- वस्तु वा अनुभवलाई चिन्ने, पहिचान गर्ने र नामाकरण गर्ने मानसिक प्रक्रिया
- उदाहरण: "यो सेतो फूल हो", "यो मीठो स्वाद हो", "यो मेरो भाइ हो" भन्ने बुझाइ। संज्ञा स्कन्धले हामीलाई संसारलाई वर्गीकरण गर्न सघाउँछ।

४. संस्कार (मानसिक संरचनाहरू)
-इच्छा, विचार, संकल्प, आदत, प्रवृत्ति
- कर्म सिर्जना गर्ने मानसिक तत्त्व
- उदाहरण: कुनै मानिसलाई देखेर मनमा उठ्ने रिस, प्रेम, ईर्ष्या; कुनै काम गर्ने इच्छा; बानी वा आदत; निर्णय गर्ने प्रक्रिया। यो सबभन्दा गहन स्कन्ध हो।

५. विज्ञान (चेतना)
- ज्ञान ग्रहण गर्ने क्षमता
- छविज्ञान (आँखाको चेतना), श्रवणविज्ञान (कानको चेतना) आदि छ प्रकार
- उदाहरण: रातो रङ देख्नु (चाक्षुष विज्ञान), आवाज सुन्नु (श्रवण विज्ञान), विचार आउनु (मानसिक विज्ञान)। विज्ञान स्कन्ध अनुभव गर्ने मात्र हो, सोच्ने वा विश्लेषण गर्ने होइन।

कसरी काम गर्छन्?
एक साधारण उदाहरण लिऔं:
१. रूप: आँखा (इन्द्रिय), फूल (वस्तु)
२. वेदना: फूल देख्दा सुखद अनुभूति
३. संज्ञा: "यो गुलाफको फूल हो" भन्ने पहिचान
४. संस्कार: "यो सुन्दर छ, चाहिन्छ" भन्ने इच्छा
५. विज्ञान: फूल देख्ने चाक्षुष चेतना

महत्त्वपूर्ण बुँदाहरू:
- यी पाँचै स्कन्ध अनित्य छन् (सधैं परिवर्तन हुँदैछ)
- यी पाँचै स्कन्ध अनात्म छन् (इनमा कुनै स्थायी "म" छैन)
- यी स्कन्धहरू परस्पर अविभाज्य रूपले जोडिएका छन्
- "म" भन्ने धारणा यिनै पाँच स्कन्धको संयुक्त प्रक्रियाबाट उत्पन्न हुन्छ

ध्यान दिनुपर्ने:
बुद्ध धर्ममा भनिएको छ: "जुन कुरा अनित्य छ, त्यो दुखदायी छ; जुन दुखदायी छ, त्यो अनात्म हो।" पञ्चस्कन्धको गहन अध्ययनले हामीलाई "अनात्म" को प्रत्यक्ष अनुभूति गराउन सक्छ, जसले मोक्षको मार्ग प्रशस्त गर्दछ।

१. रूप स्कन्धको सूक्ष्म व्याख्या
मूल अर्थ:
रूप भन्नाले समस्त भौतिक वा शारीरिक अस्तित्व लाई बुझाउँछ। यो पञ्चस्कन्धको पहिलो स्कन्ध हो जसले हाम्रो भौतिक संसार र शरीरलाई समेट्छ।

रूपका चार मूल तत्त्व (महाभूत):
रूप स्कन्ध यी चार तत्त्वहरूबाट बनेको हुन्छ:
१. पृथ्वी धातु - ठोसता, कठोरता, स्थिरता
- उदाहरण: हड्डी, मांस, केश, नङ
२. आपो धातु - तरलता, बहाव, जोडने शक्ति
- उदाहरण: रगत, लार, पसिना, मूत्र
३. तेजो धातु - तातो, ठण्डा, उर्जा
- उदाहरण: शरीरको ताप, पाचन अग्नि
४. वायो धातु - गतिशीलता, सञ्चालन
- उदाहरण: सास फेर्ने क्रिया, रगतको संचार

रूपका दुई प्रकार:
१. ओलम्बन रूप (बाह्य रूप)
- इन्द्रियहरूले ग्रहण गर्ने बाह्य वस्तुहरू
- रूप (आकार-रङ), शब्द, गन्ध, रस, स्पर्शयोग्य वस्तुहरू
- उदाहरण: फूलको रङ र आकार, संगीतको धुन, खानाको स्वाद
२. इन्द्रिय रूप (अवयवहरू)
- पाँच ज्ञानेन्द्रियहरू:
- चक्षु (आँखा) - रूप देख्ने
- श्रोत्र (कान) - शब्द सुन्ने
- घ्राण (नाक) - गन्ध सुँघ्ने
- जिभ्या (जिभ्रो) - रस चाख्ने
- काया (शरीर) - स्पर्श अनुभव गर्ने
- पाँच कर्मेन्द्रियहरू:
- हात, खुट्टा, मुख, गुदा, लिङ्ग

रूपको विशेषताहरू:
१. अनित्यता (परिवर्तनशीलता)
- शरीर क्षण-क्षणमा परिवर्तन हुँदै रहन्छ
- उदाहरण:
- बालकालदेखि बृद्धावस्थासम्म शरीर बदलिन्छ
- कोषिकाहरू निरन्तर मर्छन् र नयाँ बन्छन्
- भोक, तिर्खा, थकानको अनुभवले शरीरको अवस्था बदल्छ
२. अशुभता (अस्वच्छता)
- शरीर भित्र अस्वच्छ तत्त्वहरू रहन्छन्
- उदाहरण: शरीरबाट निस्कने पसिना, मल, मूत्र आदि
३. अनात्म (स्वतन्त्र अस्तित्वको अभाव)
- रूप आफैंमा स्वतन्त्र सत्ता भएको छैन
- यो अन्य तत्त्वहरूमा निर्भर छ
- उदाहरण: शरीरलाई भोजन, पानी, हावा आदिको आवश्यकता हुन्छ

ध्यानको लागि रूपको अध्ययन:
१. कायागतासती (शरीरको स्मृति)
- शरीरलाई ३२ अशुभ भागको रूपमा हेर्ने
- केश, नङ, दाँत, छाला, मांस, हड्डी आदिको विचार
- उदाहरण: ध्यानमा बसी शरीरका भागहरूको विश्लेषण गर्ने
२. चार महाभूतको अवलोकन
- शरीरमा पृथ्वी, आपो, तेजो, वायुको अनुभूति
- उदाहरण: बसिरहेको शरीरमा ठोसपन (पृथ्वी), पसिना (आपो), तातो (तेजो), सास (वायु) लाई महसुस गर्ने

व्यावहारिक उदाहरण:
साधारण क्रिया: सेब खानु
- रूप: सेबको रङ-रूप, आकार (बाह्य रूप)
- इन्द्रिय: आँखाले देख्नु, हातले समात्नु (इन्द्रिय रूप)
- परिवर्तन: सेब चपाउँदा आकार बदलिन्छ, पचेपछि शरीरको भाग बन्छ
- अनित्यता: सेब र शरीर दुवै कालान्तरमा बदलिन्छन्

महत्त्वपूर्ण बुँदा:
रूप स्कन्धको गहन अध्ययनले हामीलाई यो बुझ्न सघाउँछ:
- शरीर "म" होइन, "मेरो" पनि होइन
- रूप सधैं परिवर्तनशील छ
- शरीरसँगको आसक्ति कम गर्न यो ज्ञान सहयोगी हुन्छ
- बाह्य रूपको मोहबाट मुक्त हुन सहयोग गर्छ

रूप स्कन्धको सही बुझाइले अनात्म (अनत्ता) को प्रत्यक्ष अनुभूतिको आधार स्थापना गर्दछ।

२. वेदना स्कन्धको सूक्ष्म व्याख्या
मूल अर्थ:
वेदना भन्नाले सबै प्रकारका अनुभूतिहरू, भावनात्मक अनुभव, र संवेदनाहरू लाई बुझाउँछ। यो पञ्चस्कन्धको दोस्रो स्कन्ध हो जसले हामीले अनुभव गर्ने सुखद, दुखद र तटस्थ सबै संवेदनालाई समेट्छ।

वेदनाका तीन मूल प्रकार:
१. सुख वेदना (सुखद अनुभूति)
- आनन्द, तृप्ति, सुखको अनुभव
- उदाहरण:
- स्वादिष्ट खाना खाँदा जिभ्रोमा हुने सुखद संवेदना
- मनपर्ने व्यक्तिलाई भेट्दा मनमा हुने प्रसन्नता
- थाकेपछि आराम गर्दा शरीरमा हुने सुख
२. दुख वेदना (दुखद अनुभूति)
- पीडा, कष्ट, असुविधाको अनुभव
- उदाहरण:
- चोट लाग्दा शरीरमा हुने पीडा
- अपमान भएको बेला मनमा हुने दुख
- धेरै समय बस्दा हुने असजिलो
३. अदुखमसुख वेदना (तटस्थ अनुभूति)
- न त सुख, न त दुख, उदासीन अनुभूति
- उदाहरण:
- साधारण सास फेर्ने क्रियामा हुने संवेदना
- हावामा हात फैलाउँदा हुने स्पर्श
- सामान्य तापक्रमको पानीको अनुभव

वेदनाको उत्पत्तिका छ आधार (इन्द्रियहरूद्वारा):
१. चाक्षुष वेदना (आँखाबाट)
- रूप देखेर उत्पन्न हुने अनुभूति
- उदाहरण: सुन्दर दृश्य देखेर सुख, भयलाग्दो दृश्य देखेर दुख
२. श्रावण वेदना (कानबाट)
- शब्द सुनेर उत्पन्न हुने अनुभूति
- उदाहरण: मिठो संगीत सुनेर सुख, कर्कश आवाज सुनेर दुख
३. घ्राण वेदना (नाकबाट)
- गन्धले उत्पन्न गराउने अनुभूति
- उदाहरण: फूलको सुगन्धले सुख, सडेको गन्धले दुख
४. रसन वेदना (जिभ्रोबाट)
- रस (स्वाद) बाट उत्पन्न हुने अनुभूति
- उदाहरण: मिठो खानाले सुख, तितो औषधिले दुख
५. कायिक वेदना (शरीरबाट)
- स्पर्शबाट उत्पन्न हुने अनुभूति
- उदाहरण: नरम स्पर्शले सुख, चोटले दुख
६. मानसिक वेदना (मनबाट)
- विचार, स्मृति, कल्पनाबाट उत्पन्न हुने अनुभूति
- उदाहरण: राम्रो सम्झनाले सुख, बुरो सम्झनाले दुख

वेदनाको स्वभाव र विशेषताहरू:
१. अनित्यता (क्षणिकता)
- हरेक वेदना उत्पन्न हुन्छ, टिक्छ र लोप हुन्छ
- उदाहरण: मिठाई खाँदा पहिले सुख हुन्छ, तर पछि घिन लाग्छ वा उब्जाउ हुन्छ
२. निजी अनुभव
- प्रत्येक व्यक्तिलाई आफ्नै तरिकाले वेदना अनुभव हुन्छ
- उदाहरण: एउटै चिया कसैलाई गुलियो लाग्छ, कसैलाई पोखो
३. शर्तमा निर्भर
- वेदना स्वतन्त्र रूपमा उत्पन्न हुँदैन
- उदाहरण: राम्रो श्रोताले मिठो लाग्छ, भोको हुँदा साधारण खाना पनि स्वादिलो लाग्छ
४. प्रतिक्रियाको बीज

*(बाँकी ५ पेजमा)*

# भगवान् गौतम बुद्धको मूर्ति शिलान्यास

गुञ्जनगर। भरतपुर-१८, गाजीपुरको बुद्ध हरिहर पार्कमा निर्माण हुन गइरहेको भगवान् गौतम बुद्धको मूर्तिको सोमबार एक समारोहका बीच शिलान्यास गरिएको छ।

पर्यटनको प्रमुख आकर्षणको केन्द्र बनाउने उद्देश्यले सोनाम ल्होसारको अवसर पारेर भरतपुर-१८ का वडाध्यक्ष बाबुराम रानामगरले मूर्तिको शिलान्यास गरेका हुन्।

उक्त अवसरमा बोल्दै वडाध्यक्ष रानाले वडाले गुञ्जनगर ग्रीन पार्क, बुद्ध हरिहर पार्क र खेल मैदानको निर्माण कार्य अघि बढाएको बताए।

पार्कको महिमा र महत्त्वलाई कायम राख्न वडाले काम सुरू गरेको भन्दै उनले फुर्सदको समय सही ठाउँमा व्यवस्थापन गराउन र पर्यटक आकर्षित गरी आर्थिक क्रियाकलाप बढाउन पार्क निर्माणलाई प्राथमिकता दिएको बताए।

वडाबाट विनियोजित ११ लाख बजेटमा मूर्ति बन्न लागेको भन्दै उनले महानगरद्वारा विनियोजित ८ लाखबाट यस पार्कमा पिकनिक स्पटका लागि स्टलहरु बनाइने बताए।

यस ठाउँबाट नारायणी नदीको सुन्दर दृश्य देख्न सकिन्छ। यस क्षेत्रनजिकै रहेको वनजंगलमा वन्यजन्तु हेर्न सकिने भएकाले पनि यसको महत्त्व बढेको भरतपुर-१८ का पूर्ववडा सदस्य जीतबहादुर तामाङ बताउँछन्। ज्ञानेश्वर ब्लकसँग जोडिएर पर्यापर्यटनको विकास गर्ने सम्भावना भएको भन्दै उनले सामूहिक प्रयासमार्फत अगाडि बढेमात्रै लक्ष्य हासिल गर्न सकिने बताए।

नारायणी नदीकिनारमा रहेको देवीस्थान मध्यवर्ती सामुदायिक वनक्षेत्रभित्र पर्ने करिब ३ बिगाहा जग्गामा आकर्षक पार्कको योजना अघि सारिएको छ।

पश्चिम चितवनको गाजीपुरलाई राजनीतिक, ऐतिहासिक पर्यटकीय क्षेत्रका रुपमा विकास गरिएको स्थानीय युवा समाजसेवी मंगल तामाङ बताउँछन्।

यसै क्षेत्रमा रहेको मदन स्मृति पार्कमा मदन भण्डारीको सालिक तथा उनको राजनीतिक जीवनबारे उल्लेख गरिएका सामग्री राखिएको र यस स्थानबाट नारायणी नदी, नदीपारिको नवलपरासीका विभिन्न स्थान, चितवनको सेतीदेवी सामुदायिक वन, ग्रामीण बस्तीलगायतका स्थान हेर्नका लागि भ्यू-टावर निर्माण गरिएको उनले बताए।

उक्त अवसरमा जिल्ला समन्वय समिति चितवनका सदस्य कृष्णभक्त भट्टराई, वडा सदस्यहरु लक्ष्मी अधिकारी र दिलु गजमेर, स्थानीय गुम्बाका अध्यक्ष राजु गुरूङ, देवीस्थान मध्यवर्ती सामुदायिक वनका अध्यक्ष तेजबहादुर तामाङ, मिलन क्लबका अध्यक्ष टुकमान गुरूङ, युवा समाजसेवीहरु डम्बर गुरूङ, मंगल तामाङलगायतको उपस्थिति थियो।

## स्वास्थ्य ...

गरेका छन्, उनीहरुको अस्वीकृत दर न्यून रहेको उनी बताउँछन्। निर्देशिका अनुसार काम गरेकै कारण भरतपुर अस्पतालको अस्वीकृत कम भएको हो।

अस्पतालका बिमा कार्यक्रम प्रमुख लीलाधर पौडेलका अनुसार साउन, भदौ र असोज तीन महिनाको विस्तृत अध्ययन गर्दा अस्वीकृत दर दुई प्रतिशत हाराहारी हुन आएको हो। साउनमा १.५ प्रतिशत थियो, भदौमा २.८ र असोजमा ३.३ प्रतिशत अस्वीकृत दर रहेको छ। तीन महिनालाई सरदर मान्दा २.४ प्रतिशत अस्वीकृत दर हुन आउँछ।

कार्यक्रम प्रमुख पौडेलले बोर्डको निर्देशिका र कार्यविधिलाई अक्षरम्स पालना गरी काम गरिएको बताए। सो क्रममा सेवाग्राहीलाई बुझाउन समय खर्चिनु परेपनि अस्वीकृत दर कम भएर अस्पतालको व्ययभार घटेको उनको भनाइ छ। उनले भने "सेवाग्राही मैले यो सेवा किन नपाउने ? भनेर झगडा गर्न आउनुहुन्छ। हामी बोर्डको निर्देशिका देखाएर सम्झाएर पठाउँछौं।"

अस्पतालको स्वास्थ्य बिमा शाखामा १८ जना कर्मचारीले चौबिसैघन्टा आलोपालो काम गर्ने गरेको उनको भनाइ छ। बोर्डको दाबी भुक्तानीसम्बन्धी तोकिएको मापदण्डभित्र रहेर सेवा प्रवाह तथा सोहीअनुरुपका कागजातबाट दाबी गर्ने गरिएको छ।

बिमा विभागमार्फत् चिकित्सक र स्वास्थ्यकर्मीलाई समय समयमा बोर्डका नयाँ निर्देशन जानकारी गराएर सोहीअनुसार काम गर्न आग्रह गरिएकाले पनि न्यून अस्वीकृत भएको पौडेल बताउँछन्।

अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट प्राडा कृष्णप्रसाद पौडेलका अनुसार बिमामा दक्षजनशक्तिको समूह परिचालन भएको र प्रविधिको उच्चतम प्रयोग गरिरहेका कारण अस्वीकृत दर कम भएको हो। उनका अनुसार अहिले पनि बोर्डबाट ६० करोड रुपैयाँ बढी भुक्तानी पाउन बाँकी छ। आर्थिक वर्ष २०७४/०७५ बाट अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम लागू भएको हो। गत आर्थिक वर्षको अन्त्यसम्म अस्पतालले १४ लाख ७६ हजार ९०३ पटक सेवा प्रवाह गरेको छ। जसबापत दुई अर्ब ४७ करोड ४८ लाख २२ हजार ३२९ रुपैयाँ अस्पतालले प्राप्त गरिसकेको छ।

उनका अस्पतालमा खर्च हुने भएकाले अस्वीकृत दर घटाउने र समयमा भुक्तानी दिने कुरामा बोर्ड सकारात्मक हुनुपर्ने बताउँछन्। भरतपुर अस्पताल स्वास्थ्य बिमा कार्यक्रमका हिसाबले नेपालका अस्पतालमा नमूना रहेको भन्दै उनले अझ व्यवस्थित बनाउने कुरामा आफूहरु लागिरहेको बताउँछन्।

नेपालका ५१० अस्पतालमा स्वास्थ्य बिमा कार्यक्रम लागू भएको छ। दैनिक रु १० करोडभन्दा बढीको दाबी बिमा बोर्डमा ती अस्पतालले गर्ने गरेका छन्। बोर्डको तथ्याङ्कअनुसार एक करोड नागरिक बिमामा जोडिएको भए पनि ६८ लाख मात्रै सक्रिय छन्। बोर्डले रु १०.५ अर्ब रकम अस्पताललाई भुक्तानी गर्न बाँकी छ। जसका कारण अस्पतालहरुले बिमा कार्यक्रम सञ्चालन गर्न कठिनाइ भएको गुनासो गर्दै आएका छन्।

# स्वास्थ्य/खेलकुद



## यस्ता छन् चिसोमा लाग्ने ६ रोग र बच्ने उपायहरु

जाडो मौसममा धेरै मानिस जोर्नीको दुखाइबाट ग्रसित हुन्छन्। कतिपयलाई त दुखाइको कारण बेड रेस्ट नै गर्नुपर्ने अवस्था पनि सिर्जना हुन्छ।

बच्न : यसबाट बच्ने उपाय भनेको जोर्नीहरूलाई चिसोबाट बचाउनु र नियमित व्यायाम गर्नु हो।

**चिसो (मौसमी लु)**

बाहिरी वातावरणअनुरूप परिवर्तन हुने प्रकृति मानव शरीरको हुँदैन। यसैको कारण हो, मानिसलाई अत्यधिक तातो वा चिसोको महसुस हुने। चिसो मौसममा शरीरको रोगप्रतिरोधी क्षमता घट्न जान्छ र विभिन्न जीवाणुको संक्रमणले बिरामी पार्छ।



**बच्न** : चिसोमा शरीरलाई न्यानो बनाउन आवश्यक हुन्छ। तापजन्य खाद्यपदार्थ खाने, हिँडडुल कम गर्ने, खाना खानुअघि र पछि राम्रोसँग साबुनपानीले हात धुने, नाक मुख छोपेर राख्ने, मास्क लगाएर हिँड्नेलगायतका गतिविधि गर्नुपर्छ।

**घाँटीमा सुक्खापन**

चिसो मौसममा भाइरल संक्रमण हुन्छ। जसले घाँटी खसखस हुने, सुक्खा पार्ने गर्छ।

बच्न : यस्तो समस्या भएमा तातो पानीमा नुन राखेर मुख कुल्ला गर्नुपर्छ। त्यसका साथै आराम गर्ने, चिसो खानेकुराको प्रयोग नगर्ने गर्नुपर्छ।

**छालामा फुस्रोपना**

चिसो मौसममा मानिसमा देखिने अर्को समस्या भनेको छालामा फुस्रोपना हो। यस्तो वेला सुक्खा हावा लाग्छ र शरीरको पानी उडेर जान्छ। चिसोको वेला शरीरमा पानीको मात्रा पनि कम हुन जान्छ। जसले गर्दा छाला र ओठ फुस्रो हुने र फुट्ने समस्या हुन्छ।

**बच्न** : चिसो मौसममा अत्यधिक पानी पिउने गर्नुपर्छ। त्यस्तै मोस्चराइजिङ क्रिम, नरिवल, आलमन्डको तेल छालामा लगाउनुपर्छ।

**हृदयाघात**

जाडो मौसममा हृदयाघातको सम्भावना बढी हुन्छ। चिसो मौसमका कारण मुटुलाई रगत पुर्‍याउने नलीहरू खुम्चिन जान्छन्। जसले गर्दा मुटुको मांसपेशीमा रगतको मात्रा कम हुन्छ। कहिलेकाहीँ मुटुको मांसपेशी नष्ट हुन जान्छ र रगत पम्पमा बाधा उत्पन्न हुन्छ। जसले हृदयाघातको समस्या बढाउँछ।

**बच्न** : मुटुरोगीहरूले धेरै चिसोमा काम गर्नु हुँदैन। नियमित व्यायामलाई पनि दिउँसोको समयमा सार्नुपर्छ। सकेसम्म शरीरलाई न्यानो बनाएर राख्नुपर्छ। देब्रे भागको छाती दुखेमा भने तुरुन्त चिकित्सककहाँ जानुपर्छ।

**दम**

चिसो र सुक्खा हावाले श्वासनलीलाई पनि साँघुरो पार्ने काम गर्छ र मानिसको श्वासप्रश्वास प्रणालीमा बाधा उत्पन्न हुन्छ। जसले गर्दा दमको समस्या बढ्न जान्छ।

**बच्न** : यसबाट बच्नका लागि घरलाई धुवाँ, धुलोमुक्त गराउने प्रयास गर्नुपर्छ। त्यस्तै, समय-समयमा ओछ्यान घाममा सुकाउने र सफा गर्ने गर्नुपर्छ। बाहिर हिँडडुल गर्दा पनि धुलोबाट जोगिन आवश्यक हुन्छ।

# गैँडाकोट महोत्सवमा दर्शक थपिँदै

गैँडाकोट। गैँडाकोट महोत्सवमा दर्शक थपिँदै गएको दाबी गरिएको छ। सोमबार मात्रै १९ हजार दर्शकले अवलोकन गरेका आयोजकको दाबी छ।

महोत्सव आयोजक संस्था जिल्ला उद्योग वाणिज्य संघ गैँडाकोटका वरिष्ठ सदस्य एवम् महोत्सव प्रचारप्रसार उपसमिति संयोजक शालिकराम सापकोटाका अनुसार स्थानीय उत्पादनसँगै स्थानीय कला र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि महोत्सव आयोजना गरिएको हो।

माघ १० गतेसम्म सञ्चालन हुने महोत्सवमा ओपेरा हाउस, जलपरी शो, मुस्ताङको चौँरीले समेत दर्शकहरुको मन खिचेको सापकोटाले बताए। महोत्सवमा कृषि प्रदर्शनी, अटो, रेस्टुरेन्ट, व्यापारिक गरी २५० स्टल तथा बाल उद्यान रहेको भन्दै महोत्सवले स्थानीय कृषि र उत्पादनलाई बजारीकरणमा सघाउने विश्वास लिइएको उनले बताए।

संघका अध्यक्ष एवम् महोत्सवका संरक्षक दीपक कँडेलले स्थानीय कृषि र उत्पादनको प्रवर्द्धन एवम् बजारीकरण गर्ने उद्देश्यले महोत्सव आयोजना गरिएको बताए। महोत्सवमा दुई लाख दर्शकले अवलोकन गर्ने तथा २५ करोड रूपैयाँ बढीको कारोबार हुने अनुमान गरिएको छ।

महोत्सवको सांस्कृतिक कार्यक्रमअन्तर्गत सोमबार चर्चित गायक राजनराज शिवाकोटीसहितका कलाकारहरुले प्रस्तुति राखेका थिए। महोत्सवका सांस्कृतिक कार्यक्रम संयोजक किशोर लम्सालका अनुसार महोत्सवअन्तर्गत सोमबार चर्चित राष्ट्रिय तथा स्थानीय कलाकारहरुको प्रस्तुति रहेको थियो। यस्तै नन्दु परियार, टीकासरा राना, सरिता गुरूङ श्रेष्ठलगायतले प्रस्तुति राखेको लम्सालले जानकारी दिए।

आज मङ्गलबार महोत्सवको मुख्य आकर्षणको रुपमा चर्चित गायिका शान्तिश्री परियार-लगायतका कलाकारको प्रस्तुति रहने उनले बताए।

मङ्गलबार महोत्सवमा शान्तिश्रीसँगै सिर्जना खत्री हाउडे माया, सीमा थापामगर, दामोदर बस्याल एवम् अन्य स्थानीय कलाकारहरुको प्रस्तुति रहने उनले जानकारी दिए।

## भरतपुर महानगरपालिका
## नगर कार्यपालिका कार्यालय
भरतपुर, चितवन

**सूचना! सूचना!! सूचना!!!**

भरतपुर महानगरपालिकालाई देशकै सुन्दर, समृद्ध र सुसंस्कृत सहर बनाउने जिम्मेवारी तथा दायित्व तपाई हामी सबै सरकारी तथा गैह्र सरकारी संघ/संस्थाहरु, नागरिक समाज एवं हामीसबै महानगरवासीको हो। महानगरपालिकाले भौतिक विकासका साथसाथै महानगरपालिकालाई हरियाली, बातावरण अनुकुलीत महानगर बनाउनको लागि विगत वर्षदेखि हरियाली एवं वृहत्तर सरसफाई कार्यलाई समुदायस्तरबाट अभियानको रुपमा सुरुवात गरी निरन्तरता दिइआएको छ। यस महानगरपालिका अन्तर्गत सिर्जित सबै किसिमका फोहोरमैलालाई महानगरपालिकाबाट तोकिएको समयमा जनताका घर, घरबाट नै संकलन तथा उचित व्यवस्थापन हुँदै आएको छ।

यद्यपी सार्वजनिक स्थलहरुमा फोहोर फाल्ने, सडकका दायाँ बायाँ रोपिएका विरुवाहरु उखल्ने, सुर्तिजन्य तथा खाद्य पदार्थहरुको खोलहरु यत्रतत्र फाल्ने, लुकिछिपी घरबाट निस्कने फोहोरमैलाहरु आफ्नो घरआँगन भित्र नराखी सडक किनारमा फाल्ने, सार्वजनिक स्थलमा निर्माण सामाग्रीहरु थुपार्ने, सार्वजनिक संस्थाहरुबाट समेत निर्माण कार्यसम्पन्न पश्चात पनि विद्युतका पोलहरु, दुरसञ्चार तथा इन्टरनेट केवल तारजन्य सामाग्रीहरु सडकपेटीमा राखे प्रवृत्ति देखिएकोले उक्त कार्यहरु नगर्नु नगराउनु हुन यसै सार्वजनिक सूचनामार्फत जानकारी गराइन्छ। अब उप्रान्त अनुगमनका क्रममा माथि उल्लेखित गतिविधि देखिएमा फोहरमैला व्यवस्थापन ऐन, २०६८ को दफा ३८ मा उल्लेख भएअनुसारको कसुर मानी दफा ३९ बमोजिम रु. ५ हजार देखि रु. १ लाखसम्मको जरिवाना र सजायका साथै भरतपुर महानगरपालिकाको आर्थिक ऐन,२०८१ बमोजिम जरिवानासमेत स्थलगत रुपमा यस कार्यालयबाट खटिएका नगर प्रहरी लगायतका कर्मचारी मार्फत असुलउपर गरी प्रचलित ऐन, कानून बमोजिम आवश्यक कारवाही गरिने व्यहोरा संम्बन्धित सबैका लागि जानकारी गराइएको छ।

**भरतपुर महानगरपालिका**
**वातावरण तथा विपद व्यवस्थापन महाशाखा**


बि. एण्ड बि. मिडिया नेटवर्क प्रा. लि.
भरतपुर, चितवन, मो. ९८४५०६७४१४
ना ४२ प १९९७
हाम्रा सेवाहरू :
ना ४२ प १९९७
नम्बर प्लेट | कलर प्रिन्ट | भिजिटिङ्ग कार्ड
बिल/रसिद | विवाह कार्ड | नाईलन छाप
कम्प्युटर टाईपिङ | बुक सेटिङ्ग/छपाई | म्यागजिन डिजाईन
यहाँ नम्बर प्लेट बनाइन्छ।
पत्रपत्रिकामा विज्ञापन तथा छपाईसम्बन्धी सम्पूर्ण कामका लागि ...।

# भरतपुर महानगरको प्रशासकीय भवनको उद्घाटन

भरतपुर। भरतपुर महानगरपालिकाले सुविधा सम्पन्न प्रशासकीय भवन निर्माण गरेको छ। नेपालकै पालिकाहरूमध्ये सबैभन्दा ठूलो सुविधासम्पन्न भवनको एक समारोहबीच पूर्वप्रधानमन्त्री एवम् नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले उद्घाटन गरेका हुन्।




महानगरका प्रमुख प्रशासकीय अधिकृत वीरेन्द्रदेव भारतीले सुविधासम्पन्न प्रशासकीय भवन पूर्णरूपमा अपाङ्गमैत्री, सेवाग्राहीमैत्री कक्ष र शौचालय रहेको बताए। नवनिर्मित भवनमा १५८ वटा कार्यकक्ष रहेका छन्। जसमा सुविधासम्पन्न दुईवटा लिफ्ट ३५० र २५० क्षमताका दुईवटा सभाहल र आठवटा बैठक कक्ष रहेको उनले जानकारी दिए।


निर्माण कम्पनी एनआर कन्स्ट्रक्सन इन्जिनियरिङबाट डिपिआर तयार गरेपछि उक्त भवनको ९४ करोड ३२ लाख ३० हजार लागत अनुमान गरिएको भरतपुर महानगरपालिका भौतिक पूर्वाधार विकास महाशाखाका प्रमुख डिभिजनल इन्जिनियर सन्तोष आचार्यले जानकारी दिए। उक्त लागत अनुमान २०७८ चैत २० गते महानगरले स्वीकृत गरेको थियो।

महानगरले २०७८ चैत २२ गते बोलपत्र आह्वान गरेपछि निर्माण कम्पनीले २०७९ फागुन १८ गते सम्झौता गरेको आचार्यले बताए। २०८२ माघ १८ गते भवन निर्माण सम्पन्न गर्नुपर्ने सम्झौता पत्रमामा उल्लेख छ।

नेपालकै उत्कृष्ट भवन निर्माण गर्ने सम्झौता रकममध्ये ५० प्रतिशत बागमती प्रदेश सरकारले दिने निर्णय गरेको भरतपुर महानगर भौतिक पूर्वाधार महाशाखाका प्रमुख आचार्यले बताए। उनका अनुसार हालसम्म संघीय सरकारबाट २१ करोड ५८ लाख १४ हजार, बागमती प्रदेश सरकारबाट १९ करोड, ८९ लाख ३६ हजार र भरतपुर महानगरबाट ४ करोड ५० लाख गरी जम्मा ४५ करोड, ९७ लाख ५१ हजार प्राप्त भएको छ। अर्थ मन्त्रालयबाट ३५ करोड बजेट सुनिश्चितता दिने निर्णय भएको पनि उनले जानकारी दिए।

छ तले भवन १४ हजार १ सय ५२ वर्गमिटरमा फैलिएको छ। जसको लम्बाइ ६० मिटर र चौडाइ ४० मिटर रहेको आचार्यले बताए।

## फिल्म/मनोरञ्जन



# वर्षा राउत "रिमझिम गिरे सावन"बाट बलिउडमा डेब्यु गर्दै

'द राजा साब'को हरिविजोग

काठमाडौं। तेलुगु सुपरस्टार प्रभासका लागि २०२६ को सुरूवात नै निराशाजनक बनेको छ। ९ जनवरीमा रिलिज भएको उनको काल्पनिक हरर कमेडी फिल्म 'द राजा साब' भारतीय बक्स अफिसमा नराम्रोसँग पछारिएको छ। ४ सय करोड भारूमा निर्माण भएको 'द राजा साब'ले अब भारतीय बजारबाटै लगानी उठाउने सम्भावना देखिँदैन। तर, यस फिल्मका निर्मातालाई ठूलो घाटा पनि नहुने देखिन्छ। किनकि, फिल्मले ओभरसिज मार्केटमा ३३ करोडभन्दा बढी कमाइ गरिसकेको छ। र, फिल्मको डिजिटल राइट्स जियो हटस्टारले १६० करोड भारूमा खरिद गरेको छ।




यो फिल्मले प्रदर्शनको ११ औं दिन (सोमबार)सम्म आइपुग्दा कुल बजेटको आधा पनि कमाइ गर्न सकेको छैन।

भारतीय ट्रेड पोर्टल सैक्निल्कका अनुसार फिल्मले ११ दिनमा भारतमा १ सय ४० करोडको नेट व्यापार गरेको छ। यसमा हिन्दीसहित तेलुगु, तमिल, कन्नड र मलयालम भर्सनको कमाइ जोडिएको छ। दोस्रो सातामा प्रवेश गरेयता फिल्मले सबै भाषामा दैनिक २ करोड पनि कमाउन सकेको छैन। हिन्दी भर्सनमा सोमबार फिल्मले मात्र ७७ लाख कमायो। यसरी हेर्दा फिल्मका निर्मातालाई बढीमा ५० करोड घाटा हुने देखिन्छ।

भारतमा ५३ करोडको सुखद ओपनिङ गरेको फिल्मले दोस्रो दिन तेलुगु भर्सनमा मात्रै ४७ करोड कमाएको थियो। तर, दर्शकबाट नकारात्मक प्रतिक्रिया आउन थालेसँगै तेस्रो दिनदेखि फिल्मको कमाइमा भारी गिरावट देखियो। अन्ततः 'द राजा साब' २०२६ को ठूलो 'डिजास्टर' बनेको छ। समीक्षकहरूले फिल्मको कथा र हरर-कमेडी पक्ष कमजोर भएको टिप्पणी गरेका छन्। *-फिल्मीखबरबाट।*

# कला मन्दिरद्वारा 'मारूनी प्रेक्षालय' निर्माण

नारायणगढ। ६३ वर्ष लामो विरासत बोकेको नारायणी कला मन्दिरले स्थापना कालदेखि नै कला-संस्कृति संरक्षणमा योगदान दिँदै आएको छ। सामान्य हलबाट सेवा दिँदै आएको कला मन्दिरले सोही हललाई समयअनुसार आवश्यकताहरु थप गर्दै लगेको छ। यही क्रममा कला मन्दिरले पुरानो हलभन्दा बाहिर पनि एउटा हल निर्माण गरेको छ। जसको नाम 'मारूनी प्रेक्षालय' दिइएको छ।

कला मन्दिर मौलिक लोकसंस्कृति संरक्षण गर्दै आएको संस्था भएकोले प्रेक्षालयको नाम पनि नेपाली मौलिक लोकसंस्कृतिसँग सम्बन्धित भएरै राखिएको कला मन्दिरले जनाएको छ। कला मन्दिरले मारूनी नाममै संस्थाको मुखपत्रसमेत प्रकाशन गर्दै आएको छ।

कला मन्दिरका निवर्तमान अध्यक्ष रोहितकुमार श्रेष्ठका अनुसार २६ लाख ८५ हजार रूपैयाँ खर्च गरेर उक्त प्रेक्षालय निर्माण गरिएको हो। प्रेक्षालय निर्माणका लागि बागमती प्रदेश सरकारबाट आएको १० लाख रूपैयाँ, भरतपुर महानगरपालिकाको वडा नं-१ बाट दुई लाख ५० हजार र वडा नं-२ बाट चार लाख रूपैयाँ रकम उपलब्ध भएको थियो। बाँकी रकम भने विभिन्न स्रोतबाट जुटाइएको थियो।

पुरानो हलमा कार्यक्रम हुँदा कला मन्दिरको नियमित गतिविधि गर्न स्थान अभाव भएकोले उक्त प्रेक्षालय निर्माण गरिएको उनले बताए। प्रेक्षालयलाई व्यवस्थित बनाएर कला मन्दिरको नियमित आम्दानीको स्रोत बढाउन सकिने लक्ष्यसहित संरचना थप गरिएको उनको भनाइ छ।

प्रेक्षालयलाई वातानुकूलित गर्नका लागि विभिन्न व्यक्तिहरुले जिन्सी सामग्रीमार्फत सहयोगसमेत गरेका छन्। सेन्ट्रल कलेजका प्रमुख यज्ञविलाश पौडेल (वाइबी), सनदकुमार पिया, प्रवीणकुमार श्रेष्ठ, गणेशकुमार बिपना, रमेश श्रेष्ठलगायतले एक/एक थान एसी उपलब्ध गराउने बचन दिएका छन्।

'चितवनजस्तो अत्यधिक गर्मी हुने ठाउँमा एसी आवश्यक पर्ने हुँदा कला मन्दिरको प्रस्ताव स्वीकारेर व्यवसायी साथीहरुले एसी उपलब्ध गराउने बचन दिनुभएको छ', उनले भने, 'अहिले प्रयोग भइरहेको हलमा पनि एसी राख्न नसक्दा गर्मी मौसममा कार्यक्रम गर्न नसकिने समस्या भएकोले नयाँ हललाई आधुनिक बनाउने प्रयास गरेका हौं।'

गत पुस २५ गते भरतपुर महानगरपालिका वडा नं-१ का अध्यक्ष केशव महर्जन र वडा नं-२ का अध्यक्ष मनोज रानाभाटले उद्घाटन गरिसकेको मारूनी प्रेक्षालयको संरचना निर्माण भए पनि भित्री काम थुप्रै बाँकी रहेको हुँदा त्यसलाई आफ्नो कार्यकालमा पूर्णता दिलाउने वर्तमान अध्यक्ष अनुकूल श्रेष्ठ (प्रणव)ले बताए।

हलका लागि चाहिने फर्निचरका सामग्रीसहित मञ्च व्यवस्थापनलगायतका थुप्रै काम गर्न बाँकी रहेको उनले बताए। कला मन्दिरसँग आफ्नै आयस्रोत नभएकोले त्यसका लागि पनि दाताहरु खोज्नुपर्ने बाध्यतामा कला मन्दिर गुज्रिँदै आएको छ।






- वेदनाबाट तृष्णा (लोभ) वा द्वेष (घृणा) उत्पन्न हुन्छ
- उदाहरणः सुखद वेदनाले "फेरि पाउँ" भन्ने इच्छा जन्माउँछ, दुखद वेदनाले "यो जाओस्" भन्ने घृणा

वेदनाको अध्ययनको महत्त्वः

१. दुखको मूल चिन्तन
- बुद्धले भनेः "यदि वेदना भएन भने, तृष्णा पनि हुँदैन"
- वेदनालाई सम्यक् रूपले बुझेमा दुखबाट मुक्त हुन सकिन्छ

२. ध्यानको विषय
- वेदना-नुपस्सनाः वेदनाको सचेतन अवलोकन
- उदाहरणः ध्यानमा बसेर शरीरको कुनै पनि संवेदनालाई निरीक्षण गर्ने

व्यावहारिक अभ्यासः

१. वेदनालाई पहिचान गर्ने
- "यो सुखद छ", "यो दुखद छ", "यो तटस्थ छ" भनेर लेबल लगाउने
- उदाहरणः चिया पिँध्दा - "गर्मी सुखद छ", "तातोपन दुखद छ"

२. प्रतिक्रिया रोक्ने
- वेदनामा प्रतिक्रिया नगरी केवल अवलोकन गर्ने
- उदाहरणः दुखाइ भएपनि "ओह! दुख्यो!" भन्नुको सट्टा "दुखद वेदना उत्पन्न भएको छ" भनेर निरीक्षण गर्ने

३. उत्पन्न र विलय हेर्ने
- वेदना कसरी उत्पन्न हुन्छ र कसरी लोप हुन्छ हेर्ने
- उदाहरणः भोक लागेको वेदना खाना खाएपछि कसरी बदलिन्छ हेर्ने

वेदनासँग भ्रमित नहुने तीन कुराः

१. संज्ञा (परिचय) - "यो के हो?" भन्ने पहिचान

२. संस्कार (प्रतिक्रिया) - "मलाई यो मन पर्छ/पर्दैन" भन्ने प्रतिक्रिया

३. विज्ञान (चेतना) - केही अनुभूतिको जागरूकता

महत्त्वपूर्ण सूत्रः

"वेदना अनात्म हो" - वेदना "म" होइन, "मेरो" होइन। यो केवल अवस्था वा प्रक्रिया हो जुन उत्पन्न हुन्छ र लोप हुन्छ। वेदनालाई "म" भनेर अपनाउँदा दुख हुन्छ, तर यसलाई अनात्म भनेर हेर्दा मुक्ति प्राप्त हुन्छ।

वेदनाको सूक्ष्म अवलोकनले हामीलाई प्रतिक्रिया गर्नुको सट्टा प्रज्ञापूर्वक चयन गर्न सिकाउँछ, जसले धीरै-धीरै दुखबाट मुक्तिको मार्ग प्रशस्त गर्दछ।

३. संज्ञा स्कन्धको सूक्ष्म व्याख्या

मूल अर्थः

संज्ञा भन्नाले परिचय दिने, पहिचान गर्ने, नामाकरण गर्ने, र लेबल लगाउने मानसिक प्रक्रिया हो। यो पञ्चस्कन्धको तेस्रो स्कन्ध हो जसले हामीले अनुभव गर्ने कुराहरूलाई "यो के हो?" भनेर चिन्ने काम गर्छ।

संज्ञाका छ प्रकार (इन्द्रियहरू अनुसार):

१. रूप-संज्ञा (दृष्टि द्वारा पहिचान)
- देखेको वस्तुलाई चिन्ने
- उदाहरणः "यो रातो गाडी हो", "यो ठुलो रुख हो"

२. शब्द-संज्ञा (श्रवण द्वारा पहिचान)
- सुनेको आवाजलाई चिन्ने
- उदाहरणः "यो कुकुरको भुकाइ हो", "यो घण्टीको आवाज हो"

३. गन्ध-संज्ञा (घ्राण द्वारा पहिचान)
- गन्धलाई पहिचान गर्ने
- उदाहरणः "यो गुलाबको सुगन्ध हो", "यो सडेको गन्ध हो"

४. रस-संज्ञा (स्वाद द्वारा पहिचान)
- स्वादलाई पहिचान गर्ने
- उदाहरणः "यो मीठो छ", "यो अमिलो छ"

५. स्पर्श-संज्ञा (स्पर्श द्वारा पहिचान)
- स्पर्शलाई पहिचान गर्ने
- उदाहरणः "यो नरम छ", "यो कडा छ"

६. धर्म-संज्ञा (मन द्वारा पहिचान)
- विचार, भावना, अमूर्त तत्त्वलाई पहिचान गर्ने
- उदाहरणः "यो विचार उपयोगी छ", "यो भावना खतरनाक छ"

संज्ञाको काम गर्ने प्रक्रियाः

१. वस्तु + इन्द्रिय + विज्ञान = संज्ञा
- उदाहरणः सेब (वस्तु) + आँखा (इन्द्रिय) + देख्ने चेतना (विज्ञान) = "यो सेब हो" (संज्ञा)

२. तत्क्षणिक कार्य
- संज्ञा तत्काल हुन्छ, धेरै छिटो
- उदाहरणः आगो देख्नासाथ "आगो!" भन्ने पहिचान

संज्ञाको स्वभावः

१. सापेक्षिकता (च्भबितषखस्तथ)
- संज्ञा पूर्वज्ञानमा आधारित हुन्छ
- उदाहरणः अंग्रेजी नजान्ने व्यक्तिलाई अंग्रेजी अक्षर "अक्षर हो" भनेर मात्र पहिचान हुन्छ, अर्थ होइन

२. भ्रम सिर्जना गर्ने
- गलत संज्ञाले भ्रम सिर्जना गर्छ
- प्रसिद्ध उदाहरणः अध्यारोमा रस्सीलाई सर्प सम्झने (रज्जु-सर्प भ्रम)

३. व्यक्तिगत भिन्नता
- हरेक व्यक्तिको संज्ञा फरक हुन सक्छ
- उदाहरणः एउटै व्यक्तिलाई कसैले "दाजु" भनेर चिन्छ, कसैले "शिक्षक" भनेर

४. सांस्कृतिक प्रभाव
- संस्कृतिले संज्ञा निर्धारण गर्छ
- उदाहरणः कुनै समाजमा गाईलाई "पवित्र पशु" भनेर चिनिन्छ, अर्कोमा "खानाको स्रोत"

संज्ञाको महत्त्वपूर्ण भूमिकाः

१. विश्वको व्यवस्था
- संज्ञाले अव्यवस्थित अनुभवलाई व्यवस्थित बनाउँछ
- उदाहरणः विभिन्न आवाजहरूलाई "संगीत", "कुरा", "शोर" भनेर वर्गीकरण गर्ने

२. स्मृति र सिकाइ
- संज्ञा बिना सिकाइ र स्मरण असम्भव
- उदाहरणः बालकले "आमा" भन्ने शब्दसँग एउटा व्यक्तिलाई जोड्न सिक्छ

३. सम्प्रेषणको आधार
- संज्ञा बिना भाषा र संचार असम्भव
- उदाहरणः "पानी" भन्ने संज्ञाले सबैले त्यस तरललाई बुझ्न सक्छन्

संज्ञाबाट हुने समस्याहरूः

१. स्थायित्वको भ्रम
- संज्ञाले अस्थायी कुरामा स्थायी पहिचान लगाउँछ
- उदाहरणः "यो मेरो घर हो" भन्ने संज्ञाले घरलाई स्थायी सम्झन बाध्य बनाउँछ

२. विभाजनको भ्रम
- संज्ञाले अविभाज्य संसारलाई विभाजित गर्छ
- उदाहरणः "म" र "तपाईं" भनेर अलगाव सिर्जना गर्ने

३. आसक्ति र द्वेषको कारण
- राम्रो संज्ञाले आसक्ति, नराम्रो संज्ञाले द्वेष जन्माउँछ
- उदाहरणः "शत्रु" भन्ने संज्ञाले घृणा, "मित्र" भन्ने संज्ञाले मोह

ध्यानमा संज्ञाको अवलोकनः

१. संज्ञा-नुपस्सना (संज्ञाको सचेतन अवलोकन)
- संज्ञा उत्पन्न हुँदा नै अवलोकन गर्ने
- उदाहरणः मनमा "राम्रो" भन्ने संज्ञा आएको बेलामा "यो संज्ञा मात्र हो" भनेर हेर्ने

२. संज्ञाको तीन लक्षण बुझ्ने
- अनित्यः संज्ञा परिवर्तनशील छ
- दुखः संज्ञाले बाध्यता सिर्जना गर्छ
- अनात्मः संज्ञा "म" होइन

३. संज्ञा र वस्तु अलग गर्ने
- वस्तु र त्यसको संज्ञा फरक हो भनेर बुझ्ने
- उदाहरणः "काठको टेबल" भन्ने संज्ञा र वास्तविक टेबल फरक छन्

व्यावहारिक अभ्यासः

१. संज्ञालाई नाम दिने
- "यो केवल संज्ञा हो" भनेर मानसिक नोट गर्ने
- उदाहरणः कसैले गाली गरेमा "यो 'शत्रु' को संज्ञा मात्र हो" भन्ने

२. संज्ञाको उत्पत्ति हेर्ने
- संज्ञा कहाँबाट आयो हेर्ने
- उदाहरणः "सुन्दर" भन्ने संज्ञा समाजले सिकाएको मापदण्डबाट आएको हो

३. संज्ञा परिवर्तन गर्ने
- एउटै वस्तुलाई फरक संज्ञा दिएर हेर्ने
- उदाहरणः बर्षालाई "गन्धर्वको रोदन" वा "धरित्रीको जीवनदाता" भनेर हेर्ने

संज्ञा र अनात्मः

संज्ञा स्कन्ध अनात्म हो किनभनेः

१. यो स्वतन्त्र रूपमा अस्तित्वमा छैन

२. यो इन्द्रिय, वस्तु र विज्ञानमा निर्भर छ

३. यो निरन्तर बदलिँदै रहन्छ

४. यसलाई नियन्त्रण गर्न सकिँदैन

महत्त्वपूर्ण सूत्रः

"यथा-भूत-ज्ञान-दर्शन" - यथार्थ जस्तो छ त्यस्तै देख्ने दृष्टिकोण। संज्ञालाई यथार्थ सम्झेर आसक्त नभई, यथार्थलाई नै देख्न सिक्नु हो। संज्ञा मात्र साधन हो, सत्य होइन। संज्ञाको जालबाट मुक्त भएर नै वस्तुको यथार्थ स्वरूप देख्न सकिन्छ, जसले दुखबाट मुक्ति दिन्छ।

४. संस्कार स्कन्धको सूक्ष्म व्याख्या

मूल अर्थः

संस्कार भन्नाले सबै मानसिक संरचनाहरू, प्रवृत्तिहरू, इच्छाहरू, आदतहरू र कर्म सिर्जना गर्ने मानसिक क्रियाहरू लाई बुझाउँछ। यो पञ्चस्कन्धको चौथो स्कन्ध हो जसले हाम्रो इच्छा, विचार, संकल्प र प्रवृत्तिलाई समेट्छ। यो सबभन्दा गहिरो र प्रभावशाली स्कन्ध हो।

संस्कारको शाब्दिक अर्थः

"सम" (अच्छा रूपमा) + "कृ" (गर्नु) = राम्रोसँग गरिएको, निर्माण गरिएको। संस्कारले मनमा "संस्कार" गर्ने (छाप छोड्ने) क्रियालाई जनाउँछ।

संस्कारका प्रमुख प्रकारः

१. छ इन्द्रिय-संस्कार (इन्द्रिय अनुसार)
- चक्षु-संस्कार (दृष्टिसम्बन्धी प्रवृत्ति)
- श्रोत्र-संस्कार (श्रवणसम्बन्धी प्रवृत्ति)
- घ्राण-संस्कार (घ्राणसम्बन्धी प्रवृत्ति)
- रसन-संस्कार (स्वादसम्बन्धी प्रवृत्ति)
- काय-संस्कार (स्पर्शसम्बन्धी प्रवृत्ति)
- मनो-संस्कार (मानसिक प्रवृत्ति)

२. तीन मूल संस्कार (भावना अनुसार):
- पुण्य संस्कार (कुशल): दया, दान, ध्यान जस्ता राम्रा प्रवृत्ति
- पाप संस्कार (अकुशल): लोभ, द्वेष, मोह जस्ता नराम्रा प्रवृत्ति
- अनेञ्ज संस्कार (अव्याकृत): ध्यानको उच्च अवस्थामा हुने प्रवृत्ति

३. ५२ मानसिक संस्कार (अभिधम्ममा)
- स्पर्श, वेदना, संज्ञा, चेतना, एकाग्रता, विट्ठि (जीवनशक्ति) आदि

संस्कारको काम गर्ने तरीकाः

१. प्रतिक्रिया दिने प्रवृत्ति
- हरेक अनुभवले मनमा प्रतिक्रिया छोड्छ
- उदाहरणः कसैले गाली गरेमा क्रोध उठ्नु (क्रोधको संस्कार)

२. आदत निर्माण
- बारम्बार गरिएको कार्यले आदत बनाउँछ
- उदाहरणः प्रतिदिन ध्यान गर्दा ध्यानको आदत बन्नु

३. कर्म सिर्जना
- संस्कारले कर्म बनाउँछ जसले भविष्य प्रभावित गर्छ
- उदाहरणः दान दिने संस्कारले भविष्यमा धन प्राप्तिको कर्म बनाउँछ

संस्कारका विशेषताहरूः

१. सशर्त उत्पत्ति (पटिच्च-समुप्पाद)
- संस्कार अकारण उत्पन्न हुँदैन
- सूत्रः अविद्या (अज्ञान) - संस्कार - विज्ञान...
- उदाहरणः "म भनेको राम्रो हो" भन्ने अहंकार (अविद्या) - आफूमा गर्व (संस्कार) - अरूलाई हेप्ने प्रवृत्ति

२. बीज रूपमा संचय
- संस्कार बीजजस्तो हुन्छ, समयमा फल्छ
- उदाहरणः बाल्यकालदेखि सिकेको झूट बोल्ने आदत वयस्क हुँदा पनि रहन्छ

३. अवचेतन प्रवाह
- धेरै संस्कार हामीलाई थाहा नै नभएको हुन्छ
- उदाहरणः बच्चा हुँदा देखेको डरले वयस्क हुँदा पनि केही चीजबाट डर लाग्न सक्छ

४. परिवर्तनशीलता
- संस्कार बदल्न सकिन्छ
- उदाहरणः क्रोधी स्वभाव ध्यान र सजगताबाट शान्त बन्न सक्छ

संस्कार र कर्मको सम्बन्धः

१. कर्मको बीज
- संस्कारले कर्म रोप्छ
- उदाहरणः हरेक दयालु विचारले दया को कर्मबीज रोप्छ

२. पुनर्जन्मको आधार
- मर्दा शरीर र मन छुट्याउँदा संस्कार मात्र बाँकी रहन्छ
- यही संस्कारले अर्को जन्म निर्धारण गर्छ

३. वासना र तृष्णाको स्रोत
- संस्कारले "चाहनु" को भावना जन्माउँछ
- उदाहरणः पैसाको लोभ (संस्कार) - धेरै पैसा चाहनु (तृष्णा)

संस्कारको व्यावहारिक उदाहरणहरूः

१. सामाजिक संस्कार
- "मेरो देश राम्रो, अरुको राम्रो छैन" भन्ने संकीर्णता
- जातिय भेदभावको मानसिकता

२. व्यक्तिगत संस्कार
- आलस्य, चिन्ता, भय, असुरक्षा
- आत्मविश्वास, दृढता, सहनशीलता

३. आध्यात्मिक संस्कार
- प्रार्थना गर्ने आदत
- सेवा गर्ने प्रवृत्ति
- ध्यानको अभ्यास

संस्कार स्कन्धको अध्ययनको महत्त्वः

१. कर्मको नियन्त्रण
- संस्कार बुझेर कर्मलाई नियन्त्रण गर्न सकिन्छ
- उदाहरणः क्रोध आउँदा "यो क्रोधको संस्कार मात्र हो" भनेर चेतन भई प्रतिक्रिया रोक्न सकिन्छ

२. मुक्तिको मार्ग
- संस्कार नै बन्धनको कारण हो
- संस्कार बुझेर नै त्यसबाट मुक्त हुन सकिन्छ

३. अनात्मको प्रत्यक्ष अनुभूति
- संस्कारमा "म" छैन भनेर बुझ्दा अनात्मको साक्षात्कार हुन्छ

ध्यानमा संस्कारको अवलोकनः

१. संस्कार-नुपस्सना
- विचार आउँदा त्यसलाई संस्कारको रूपमा हेर्ने
- उदाहरणः "म असफल हुनेछु" भन्ने विचार आएमा "यो भयको संस्कार हो" भनेर हेर्ने

२. संस्कारको उदय-व्यय
- संस्कार कहाँबाट आयो, कहाँ गयो हेर्ने
- यसले संस्कार अनात्म छन् भन्ने बुझाइ दिन्छ

३. संस्कार परिवर्तन
- अकुशल संस्कारलाई कुशल संस्कारमा परिवर्तन गर्ने
- उदाहरणः ईर्ष्यालाई सहानुभूतिमा बदल्ने

संस्कार र अन्य स्कन्धहरूको सम्बन्धः

१. वेदना - संज्ञा - संस्कार
- सुखद वेदना - "राम्रो" संज्ञा - "फेरि पाउँ" संस्कार
- दुखद वेदना - "नराम्रो" संज्ञा - "टाढा जाओ" संस्कार

२. संस्कार - विज्ञान
- संस्कारले चेतनालाई प्रभावित गर्छ
- उदाहरणः क्रोधको संस्कारले सबै कुरा क्रोधको लेन्सबाट हेर्न बाध्य बनाउँछ

महत्त्वपूर्ण सूत्रः

"सब्बे संखारा अनिच्चा" - सबै संस्कार अनित्य छन्।

"सब्बे संखारा दुखा" - सबै संस्कार दुखदायी छन्।

"सब्बे धम्मा अनत्ता" - सबै धर्म (तत्त्व) अनात्म छन्।

संस्कार स्कन्धको सूक्ष्म अवलोकनले हामीलाई हाम्रो आदतहरू, प्रवृत्तिहरू र इच्छाहरूको मालिक बनाउँछ। यो बुझेर मात्र हामी कर्मबाट मुक्त भई निर्वाणको मार्गमा अग्रसर हुन सक्छौं। संस्कारलाई "मेरो" भनेर नमानी, यसलाई यथार्थ रूपमा हेर्न सिक्नु नै बुद्धिमत्ता हो।

५. विज्ञान स्कन्धको सूक्ष्म व्याख्या

मूल अर्थः

विज्ञान भन्नाले चेतना, ज्ञान ग्रहण गर्ने क्षमता, वा अनुभवको माध्यम लाई बुझाउँछ। यो पञ्चस्कन्धको पाँचौं र अन्तिम स्कन्ध हो जसले

*क्रमशः*

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

**पत्रिका प्राप्त नभएमा ९८२७२०१७१४**

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

# साप्ताहिक राशीफल

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** यो सातामा शुभकार्यको चर्चा चल्नेछ। नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ। मनमा उत्साहका साथै बोली बिक्ने समय छ। नसोचेको ठाउँबाट धनागम हुनेछ। आफन्त र साथीभाइबाट सहयोग तथा हौसला प्राप्त हुनेछ, तर स्वास्थ्य प्रति चैं सावधानी अपनाउनुपर्छ।

**वृष** यो सप्ताह धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। प्रेममा मधुरता छाउला। आँटेको र ताकेको कार्य पुरा होला। साताको उत्तरार्धबाट आर्थिक कारोबारमा मन्दी आउनेछ।

**मिथुन** यो साता लाभहानी, आयव्यय, सुखदुःख बराबरी खालको समय रहेको छ। रोकिएको काम दोहोर्याएर प्रयत्न गर्दा सफलता मिल्नेछ। साताको अन्त्यमा व्यस्तता बढनुका साथै स्वास्थ्यप्रति सजगता अपनाउनु होला।

**कर्कट** यो साता शुभ कार्यको योजना बन्नेछ। धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ। बन्धु बान्धवबाट सहयोग मिल्नेछ। सेयरको कारोबारमा फाइदा पनि बढन सक्छ। साताको अन्त्यमा अनावश्यक ठाउँमा धन खर्च होला।

**सिंह** यो साता स्वास्थ्यमा समस्या हुनसक्छ, त्यसैले सङ्क्रमणबाट आफू पनि बच्ने र अरूलाई पनि बचाउन सहयोग गर्नु होला। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला, तर आत्मबल बढाएर काम गरेमा असफल भइँदैन। बुधवारबाट साथी भाइको भेटघाटले मन प्रसन्न रहला।

**कन्या** यो साता विपरित वर्गबाट विशेष सहयोग मिल्ने र शुभ कार्यको योजना बन्नेछ। सामाजिक तथा धार्मिक कार्यमा रुचि बढनेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। सांगीतिक क्षेत्रमा रुचि बढनेछ। साताको मध्यमा सरकारी निकायको भय रहला।

**तुला** यो साता कुनै कुराले मनमा शान्ति छाउनेछ। रोकिएका कामहरू पुनः सुरु हुन सक्छन्। विज्ञान र प्राविधिक कार्य अघि बढनेछ। मान प्रतिष्ठामा वृद्धि होला। प्रेम जीवन सबल र सफल हुनुका साथै आम्दानीका नयाँ स्रोत बढनेछन्।

**वृश्चिक** यो सप्ताहमा सामाजिक क्षेत्रमा सफलता मिल्नेछ। दैनिक कार्य र पढाइमा प्रगति नै हुनेछ। रमणीय र सुखद यात्राको योग छ। राजनीतिक कार्यमा सफलता मिल्नेछ। नयाँ कार्यको अवसर मिल्नेछ। व्यवसायको सन्दर्भमा आदर्श व्यक्तित्व सँगको सहकार्यले नयाँ अनुभव मिल्नेछ।

**धनु** यो साताको सुरुका दिनमा दबाब र तनाव बढेको महसुस हुनेछ र केही अप्ठयारा परिस्थितिको सामना गर्नुपर्ला। मन भावुक र उत्ताउलो बन्नेछ, सचेत रहनु होला। मङ्गलवारबाट शुभकार्यको चर्चा चल्नेछ।

**मकर** यो साता धार्मिक कृत्यमा सहभागी बन्नु पर्नेछ। स्वास्थ्य साबर र शिक्षामा सफलता मिल्नेछ। सामाजिक कार्यमा रुचि बढनेछ। धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन्। मनोरञ्जनमा सहभागिता भइएला।

**कुम्भ** यो साता धार्मिक, सामाजिक र अरुको हित हुने काममा समय व्यतीत हुनसक्छ। व्यावसायिक काममा राम्रै फडको मार्न सकिनेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। पारिवारिक जमघट र विशिष्ट व्यक्तिको सहयोग पाइनेछ।

**मिन** यो साता सामाजिक कार्यमा रुचि जाग्नुका साथै यात्राको योग पनि देखिन्छ। धार्मिक तथा समाजसेवामा मन लाग्नेछ। पुँजी बजारमा लगानीको अवसर आउनाले मन प्रसन्न रहनेछ र पछि फाइदा हुनेछ। साताको मध्यमा मानसिक चिन्ता बढनेछ।

# विकासको पर्याय बनेर बिदा भइन् रेनु

भरतपुर। भरतपुर महानगरपालिकाका मेयर रेनु दाहालले राजीनामा दिएकी छन्। राजीनामा उपमेयर चित्रसेन



अधिकारीलाई बुझाउँदै रेनु दाहालले फागुन २१ गते हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि चितवन क्षेत्र नं ३ मा उमेदवारी दर्ता गराएकी छन्। उनले सांसद् बनेर चितवन ३ को मुहार फेर्ने सपना देखेकी छन्।

नौ वर्षअघि भरतपुर महानगरपालिकाको प्रमुखमा निर्वाचन लड्न आउँदै गर्दा रेनु दाहाललाई धेरैले ‘प्रचण्डकी छोरी’ भनेर चिने पनि भरतपुरको मुहार फेरेर बिदा भएकी उनलाई भरतपुरवासीले मात्रै होइन सिङ्गो देशवासीले विकासको पर्याय भनेर चिन्यो।

उनले फराकिला र चिल्ला सडकमा रातिको समयमा पनि झलमल्लको उज्यालो छर्दै शिक्षा, स्वास्थ्य, कृषि र पर्यटन जस्ता क्षेत्रमा गरेको सुधार उनलाई भरतपुरले बिर्सन नसक्ने बनाउने कामहरू हुन्। वर्षातको समयमा रातमा निदाउन नपाउने नारायणी तटीय क्षेत्रका बासिन्दा लाम्छ वर्षायामको रातमा पनि रेनुलाई सपनामा देख्दै निदाउने समय आएको छ।

आफूलाई भरतपुरको मायाले काठमाडौं बस्न नदिएको भन्दै उनले भनिन्, “न त निजी काममा रमाए नै, सारा समय नै भरतपुरको उन्नती, प्रगति, समृद्धि र विकासका लागि खर्चिएकामा मलाई गर्वको अनुभूति हुने गरेको छ।” यी पलहरू आफ्नो जीवनमा सधैं स्वर्णिम रहने उनको विश्वास छ। उनले थपिन्, “बदलिएको भरतपुर, विकसित भरतपुर, समृद्ध, हरियाली र उज्यालो भरतपुर आज हामीले पाएका छौं।”

महानगरपालिकामा बितेका नौ वर्षमा एक हजार ७२ किलोमिटर नयाँ सडक कालोपत्रे भएको छ। उनले भनिन्, “पूर्वपश्चिम राजमार्ग भन्दा लामो सडक हामीले भरतपुरमा कालोपत्रे गरेका छौं”, उनले थपिन्, “अनि हामीले सडक मात्रै कहाँ बनायौं र ? सडक बत्तीहरू राख्यौं, झिलिमिली बनायौं, अँध्यारो हटायौं। डर हटायौं। भरतपुरवासीको आत्मविश्वास जगायौं।”

भरतपुर महानगरपालिकाले बितेको नौ वर्षमा आफूलाई सुशासन र आर्थिक पारदर्शीता कायम राख्ने काम गरेको छ। न्यून बेरुजु र शून्य बेरुजु बनाउने तथा कार्यसम्पादनमा देशभरीका महानगरपालिकाका मध्ये भरतपुर उत्कृष्ट बन्न सफल भयो। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुरस्कार तथा सम्मान भरतपुरले प्राप्त गर्न सफल भएको छ।

## छेच्यु ...

रमाइलो गर्ने गर्दछन्।

गुम्बामा २०६६ सालदेखि हर्षोल्लासका साथ मनाउँदै आएको सोनाम ल्होछारको अवसर पारेर गरिने उक्त कार्यक्रममा रक्तदान तथा राष्ट्रिय कलाकार फूलकुमार बमजन, सेलो मदन घलान र स्थानीय कलाकारहरुको प्रस्तुति रहने उनले बताए। कार्यक्रमकै लागि म्हाणिमा आमा समूहलाई डम्फू तालिम समेत दिइएको उनले भने। डम्फू तालिमले तामाङको संस्कृति जोगाउन थोरै भएपनि सहयोग पुग्ने उनको विश्वास छ।

उनले कार्यक्रममा सम्पूर्ण तामाङ तथा अन्य समुदायहरुलाई सहभागिताका लागि आह्वान समेत गरेका छन्। ल्होछार पर्व जापान, कोरिया, चीन, हङकङ, मकाउलगायतको देशमा हरेक वर्ष भव्यताका साथ मनाउँदै आएको छ।

कार्यक्रममा भरतपुर नगर तामाङ समाजका पूर्व अध्यक्ष गंगा लामाले तामाङलाई एकताको शुत्रमा बाँध्न साँस्कृतिक कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बताए।

राज्यले हामी तामाङ समुदायलाई सधैँ थिचोमिचो गर्दै आएको र यस कार्यक्रमबाट राज्यले खबरदारी र हाम्रो अधिकारलाई सुनिश्चित गराउन बल पुग्ने उनको भनाइ थियो।

कार्यक्रममा भरतपुर नगर तामाङ समाजका संस्थापक अध्यक्ष दिलमाया तामाङ, पूर्वअध्यक्ष पासाङ तामाङ, उपाध्यक्ष अनिष लामा, महिला उपाध्यक्ष सरिता तामाङ, सचिव सीताराम तामाङ, छेच्यु थर्पलिङ गुम्बाका पञ्चबहादुर तामाङ, अधिवक्ता अजयकुमार तामाङ लगायत विभिन्न तामाङ समुदायका संघसंस्थाका प्रतिनिधिहरुको उपस्थिति थियो।

समाजले विगत १७ वर्षदेखि छेच्यु थर्पलिङ गुम्बामा तामाङ समुदायको महान पर्व सोनाम ल्होछार मनाउँदै आएको छ।

# ल्होछारमा दुई पत्रकारसहित छ जना सम्मानित

भरतपुर। उर्ग्यान न्होर्बु छ्योलिङ गुम्बा भरतपुर-५, टाइगरचोकले दुई जना पत्रकारसहित छ जनालाई सम्मान गरेको छ।



गुम्बाले सोनाम ल्होछारको अवसरमा तामाङ पत्रकार संघ बागमती प्रदेशका सदस्य तथा न्युज प्रवाह साप्ताहिकका सञ्चालक बबिलाल तामाङ र चितवन पोष्टकर्मी तुलमान गुरुङसहित विभिन्न विधामा छ जनालाई सम्मान गरेको हो।

गुम्बाले उच्च शिक्षा हासिल गरेका राजीव तामाङ, गुम्बाका निवर्तमान अध्यक्ष कविरमान तामाङसँगै समाजमा महत्वपूर्ण योगदान दिएका समाजसेवी प्रसाद तामाङ र रामबहादुर दोङ्लाई सम्मान गरेको हो। गुम्बाका अध्यक्ष चेतबहादुर तामाङसँगै भरतपुर महानगरपालिका वडा नं.५ का अध्यक्ष युद्धप्रसाद श्रेष्ठले उनीहरुलाई सम्मानपत्र प्रदान गरेका थिए।

सोनाम ल्होछारको अवसरमा गुम्बा समितिले बिहान शोभा यात्रासमेत निकालेको थियो। पुस २९ गतेदेखि नै सप्ताहव्यापी कार्यक्रम आयोजना गर्दै आएको गुम्बाले सोमबार साँझ विशेष सांस्कृतिक कार्यक्रम आयोजना गरेर कार्यक्रमको समापन गरेको छ।

## चितवनमा ...

जना तेस्रो लिङ्गी रहेका छन्। यहाँ ४८ वटास्थल र १५२ वटा केन्द्रबाट ती मतदाताले मतदान गर्ने छन्।

क्षेत्र नम्बर ३ मा एक लाख ५५ हजार ३०९ जना मतदाता रहेको जिल्ला निर्वाचन कार्यालय चितवनले जनाएको छ। तीमध्ये ७५ हजार ६९६ जना पुरुष र ७९ हजार ६१२ जना महिला एवं एक जना तेस्रो लिङ्गी रहेका छन्। उनीहरुले ६३ वटास्थल र १७४ वटा केन्द्रबाट मतदान गर्ने छन्। प्रतिनिधिसभा २०७९ मा जिल्लामा चार लाख आठ हजार ३४२ मतदाता रहेका थिए।

प्रतिनिधिसभा सदस्यको लागि प्रत्यक्षतर्फ मङ्गलबार साँझ ५:०० बजेसम्म २ हजार ६५५ जनाको उमेदवारी दर्ता भएको छ। जसमा महिलाको संख्या ३०३ रहेको छ। पुरुष उमेदवारको संख्या भने २ हजार ३५२ रहेको छ। निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईका अनुसार साँझ ५:०० गनेसम्म मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालय प्रवेश गरेकाले उमेदवारी दर्ता गर्न पाउनेछन्।




## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**निःशुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरु**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
कृषि तथा पशुपन्छी
व्यवसाय प्रवर्द्धन शाखा

